नेपाल सरकार
स्थानिय विकास मन्त्रलाय
स्थानिय पूर्वाधार तथा कृषि सडक विकास विभाग
ग्रामीण पुनर्निर्माण तथा पुनर्स्थापना आयोजना (RRRSDP)
आयोजना समन्वय इकाई (PCU/CISC)

# गाउँ स्तरीय पूर्वाधार उपभोक्ता समूह
# Village Infrastructure Users Group (VIUG)
# को गठन एवं जिम्मेवारी सम्बन्धमा जारी भएको मार्गदर्शन-२०६५

## १. पृष्ठभूमि :

पूरक आयोजनामा सम्पन्न गरिने निर्माण कार्यहरुलाई व्यवस्थित बनाउन, स्थानीय कामदार समूहहरु बीच समन्वय गर्न, गाउँ स्तरीय पूर्वाधार निर्माण समन्वय समिति (Village Infrastructure Construction Coordination Committee) संग समन्वय गर्न, आयोजना कार्यान्वयन गर्न एवम् जिल्ला आयोजना कार्यालय (District Project Office) संग सम्झौता गर्नका लागि पूरक आयोजनाहरुमा गाउँ स्तरीय पूर्वाधार उपभोक्ता समूह (VIUG) को गठन हुनेछ ।

## २. गठन बिधि :

पूरक आयोजनाका लाभान्वित उपभोक्ताहरुको भेलाले गाउँ स्तरीय पूर्वाधार उपभोक्ता समूह (VIUG) गठन गर्नेछ । उक्त समूहमा अध्यक्ष १ जना, उपाध्यक्ष १ जना, सचिव १ जना, कोषाध्यक्ष १ जना तथा सदस्यहरु ३ देखि ५ जना सम्म रहनेछन् । खानेपानी तथा सरसफाई बाहेकका अन्य पूरक आयोजनाको अनुमोदन गाउँ स्तरीय पूर्वाधार निर्माण समन्वय समिति (VICCC) मार्फत जिल्ला आयोजना कार्यालय (DPO) ले गरेको हुनुपर्नेछ । सो समितिमा अध्यक्ष, उपाध्यक्ष, सचिव वा कोषाध्यक्ष मध्ये कम्तीमा १ जना महिला सहित ३३ प्रतिसत महिला हुनुपर्नेछ । समिति निर्माण गर्दा योजनाको लागि पर्याप्त समय दिन सक्ने, नेतृत्व दिन सक्ने, कम्तीमा १ जना सदस्य लेखपढ गर्न जान्ने हुनु पर्दछ । स्थानीय निकायका प्रतिनिधिहरु गाउँ स्तरीय पूर्वाधार उपभोक्ता समूह (VIUG) को सदस्य हुन पाउने छैनन् ।

## ३. गाउँ स्तरीय उपभोक्ता समूहको भूमिका तथा जिम्मेवारीहरु :

गाउँ स्तरीय पूर्वाधार उपभोक्ता समूह (VIUG) को निम्न बमाजिम भूमिका तथा जिम्मेवारी रहनेछ ।

३.१ खानेपानी तथा सरसफाई पूरक आयोजना निर्माण कार्य गर्नका लागि गाउँ स्तरीय पूर्वाधार उपभोक्ता समूह (VIUG) जिल्ला जलश्रोत ऐन-२०४९ को दफा ५ को उपदफा २ तथा जलश्रोत नियमावली-२०५० को नियम ६ को उप-नियम १ बमोजिम तथा अन्य पूरक आयोजनाको लागि जि.वि.स. मा दर्ता गरी जिल्लाा आयोजना कार्यालय (DPO) मा अभिलेख राख्ने ।

३.२ पूरक आयोजना निर्माण कार्य गर्नका लागि जिल्ला आयोजना कार्यालय (DPO) संग सम्झौता गर्ने ।

३.३ पूरक आयोजना संग सम्बन्धित सम्झौताका सर्त तथा महत्व बारे उपभोक्ताहरुलाई जानकारी गराउने ।

३.४ समितिका पदाधिकारी बीच कामको बाडफाँड गर्ने ।

३.५ जिल्ला आयोजना कार्यालय (DPO) का प्राविधिकहरुबाट भएको नाप जाँचको आधारमा पाउने ज्याला उपभोक्ता/कामदारहरुलाई उनीहरुको काम अनुरुप दिने ।

३.६ खानेपानी तथा सरसफाई बाहेकका आयोजनाको प्रतिवेदन तयार पारी महिनाको एक पटक गाउँ स्तरीय पूर्वाधार निर्माण समन्वय समिति (VICCC) मार्फत् जिल्ला आयोजना कार्यालय (DPO) मा पठाउने ।

३.७ निर्माण कार्य हुँदा वा सम्पन्न भएपछि उपभोक्ताहरुको भेला बोलाई नियमित रुपमा सार्वजनिक लेखा परिक्षण (Public Audit) गाउँ स्तरीय पूर्वाधार निर्माण समन्वय समिति को रोहवरमा गर्ने । खानेपानी पूरक आयोजनाको हकमा भने गाउँ स्तरीय पूर्वाधार निर्माण समन्वय समिति संग समन्वय गर्न आवश्यक पर्ने छैन । यस्तो वैठकमा कम्तिमा ५०% भन्दा बढी कामदार समूहका सदस्यहरु, गा.वि.स. प्रतिनिधिहरु, आयोजना कार्यालयका कर्मचारीहरु तथा जिल्ला कार्यान्वयन सहयोग परामर्श टोली (District Implementation Supporting Team) का सामाजिक परिचालन विज्ञ/परिचालकहरुको उपस्थिति हुनुपर्नेछ । वैठकले आयोजना प्रगतिको मूल्याङ्कन गर्नेछ । मूल्याङ्कनको आधारमा थप किस्ता माग गर्न सकिनेछ ।

३.८ खानेपानी पूरक आयोजना बाहेक अन्य पूरक आयोजनासंग सम्बन्धित कुनै समस्या आएमा गाउँ स्तरीय पूर्वाधार निर्माण समन्वय समिति (VICCC) संग समन्वय गरी समस्या समाधान गर्ने ।

३.९ खानेपानी तथा सरसफाई बाहेकका अन्य आयोजना सम्पन्न गरी गाउँ स्तरीय पूर्वाधार निर्माण समन्वय समिति मार्फत आयोजनाको हिसाब फरफारक गर्ने ।

३.१० समान कामका लागि महिला पुरुषको समान ज्याला तोक्ने ।

३.११ वालवालिकाहरुलाई निर्माण कार्यमा निषेध गर्ने ।

३.१२ पूरक आयोजनामा समुदायको योगदान बारेमा स्पष्ट जानकारी दिने । खानेपानी आयोजनामा लाभान्वित समुदायले सम्पूर्ण लागतको १% नगद सहित २०% जनश्रमदान गर्नुपर्ने छ भन्ने कुरा स्पष्ट पार्नेछ । तर गरीव तथा विपन्न समुदायको लागि १% नगद उठाउनुपर्ने छैन साथै श्रमदान पनि १०% मात्र गर्नुपर्नेछ भन्ने कुरा स्पष्ट पार्ने । खानेपानी बाहेक अन्य पूरक आयोजना मा समुदायको श्रमदान कूल लागतको १५% हुनेछ भन्ने कुरा स्पष्ट पार्नेछ ।

३.१३ सम्पन्न आयोजनाको मर्मत सम्भार कार्य योजना बनाई दिगो बनाउने । यस कार्यमा जिल्ला आयोजना कार्यालयले उपभोक्ता समूहलाई आवश्यक सहयोग पुऱ्याउनेछ ।